**प्रश्न नं. ७२**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.८६६२ देखि ८७८३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

पेम्बा शेपाको जाहेरीले नेपाल सरकार

बिरुद्ध

भोजपुर जिल्ल दिंग्ला गाउँपालिका वडा नं. २ घर भाई हाल थुनामा रहेको तेम्बा शेर्पा

<u>मुद्दाः-ज्यान सम्वन्धी कसूर</u>

१) मिंति २०७५।०८।०६ गते बेलुका १९: ०० बजेको समयमा मृतक, प्रतिवादी, जाहेरवाला लगायतका स(परिवार बसी खाना खाइरहेको अवस्थामा प्रतिवादीले एक टुक्रा मात्र मासु खाएर अन्य फालिदिए । मृतकले किन फालेको भनी अगेनाबाट अगुल्टो झिकी प्रतिवादीको खुट्टामा हिर्कायो । प्रतिवादीले मादक पदार्थ सेवन गरेको सुरमा चिरपट दाउराले मृतकको बायाँ पट्टिको गालामा हाने मृतक भुइँमा ढले केही समयपछि मृतक लाक्पा शेर्पाको घरमा गएछ। सोही समयमा नै निजको मुखबाट रगत निस्कन थालेपछि उपचारको लागि जिल्ला अस्पताल भोजपुरमा लगी उपचारको क्रममा बिहान २ बजेको समयमा मृत्यु भएको हुँदा कानूनबमोजिम गरी कारबाही गरी पाउँ भन्ने पेम्बा शेर्पाले दिएको जाहेरी दरखास्त ।

२) भोजपुर जिल्ला अस्पतालमा मृतक पेमाछिरी शेर्पा मृत अवस्थामा रहेको भन्ने बेहोराको घटनास्थल लास जाँच मुचुल्का तथा घटनास्थलमा रगतजस्तो रातो देखिने टाटाहरू देखिएको ठीक साँचो हो भन्नेसमेत बेहोराको बरामदी मुचुल्का ।

३) दाजु लाक्पा शेर्पाले खाना खान मलाई बोलाएकोले खाना खाई सामान्य जाँड खाई बेलुकी १७:०० बजेको समयमा छिमेकीको घरबाट आफ्नो घरमा फर्किएँ। १९:०० बजेको समयमा खाना खाने क्रममा एक टुक्रा मासु मात्र खाएँ र अन्य सबै कुकुरलाई दिएँ । मृतक छोराले किन फालेको भनी मलाई कराई दाउराले दाहिने खुट्टामा हिर्कायो । मैले रिस थाम्न नसकी रिसको आवेगमा आएर चिरपट दाउराले अनुहार लगायतका भागमा हिर्काएँ, रगताम्मे भई भुइँमा लड्यो । उपचारको क्रममा भोजपुर अस्पतालमा मृतकको मृत्यु भएको भनी प्रतिवादी तेम्बा शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

४) प्रतिवादीले मादक पदार्थ सेवन गरी निजको छोरालाई कुटपिट गरी घाइते बनाएको कुरा घटना भएको भोलिपल्ट बिहान भोजपुर अस्पतालबाट एम्बुलेन्स बोलाएपछि थाहा पाएको हुँ । उपचारको क्रममा मृत्यु भएको हो । निज

**प्रश्न नं. ७२**

अभियुक्तलाई कानूनबमोजिम कारबाही गरिपाउँ भनी बुझिएका मानिसहरू दालाक्पा शेर्पा र कृष्णधन तामाङले प्रायः एकै मिलान हुने गरी गरिदिएको कागज ।

५) मृतकको मृत्यु Subdural Hemorrhage को कारण भएको भन्नेसमेत बेहोराको शव परीक्षण प्रतिवेदन ।

६) पेमाछिरी शेर्पाको मृत्यु प्रतिवादीले छोडेको चोटकै कारण भएको तथ्य प्रमाणित भएको, मृतकलाई मार्नु पर्नेसम्मको इवी प्रतिवादीसँग नरही प्रतिवादीलाई तत्काल उठेको रिस थाम्न नसकी निजले आफ्नै छोरालाई दाउराले प्रहार गरी घाइते बनाएको र उक्त चोटकै कारण निजको मृत्यु भएको भन्ने सबुद प्रमाणबाट देखिएको र प्रतिवादीले गरेको उक्त कार्य मुलुकी अपराध संहिता २०७४ को दफा १७७ को विपरीत अपराध भएकोले सोही संहिताको दफा १७९ बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग पत्र ।

७) प्रतिवादी तेम्बा शेर्पाले सुरू अदालतमा गरेको इन्कारी बयान ।

८) जाहेरवाला,मौकामा कागज गर्ने व्यक्ति तथा प्रतिवादीका साक्षीको बकपत्र

९) भोजपुर जिल्ला अदालतको  को फैसला ।

१०) प्रतिवादीको धनकुटा उच्च अदालतमा पुनरावेदनपत्र